बैठक नं.२

आज मिति २०८३/०५/११ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ४:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पगेंनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | दीपक ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्ताव नं. २.२

राहत सहयोग उपलब्ध गराउने सम्बन्धमा।

निर्णय नं २.२

(क) मिति २०८३/०५/१० गतेका दिन विहानदेखि रसुवा जिल्लाको रसुवागढी नाका हुँदै आएको बाढीले रसुवा,नुवाकोट,धादिङ्ग गोरखा, तनहुँ र चितवन लगायतका जिल्लाहरुमा जनधनको ठूलो क्षति एवं विनास गरेको छ। उक्त बाढीबाट के कति जनधनको क्षति भयो भन्ने यथार्थ विवरण तत्काल आउने सम्भावना समेत देखिदैना देशले सामना गरिरहेको यस दुःखद् घडीमा सामाजिक उत्तरदायित्व र मानवीय संवेदनालाई आत्मसात गर्दै बाढीबाट प्रभावितको उद्धार र पीडितलाई तात्कालिक रुपमा राहत उपलब्ध गराउने प्रयोजनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी राहत कोषमा यस बुटवल उपमहानगरपालिकाका तर्फबाट पनि सम्बन्धित शीर्षकबाट संस्थागत सहयोग उपलब्ध गराइ सहभागिता जनाउन आवश्यक र मनासिव हुने भएको हुँदा आजै बसेको विपद् व्यवस्थापन समितिको सिफारिस समेतका आधारमा सम्बन्धित शीर्षकबाट रु.५१०००००।-राहत सहयोग प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट प्रेषित आधिकारिक खाताहरुमा उपलब्ध गराउने निर्णय गरियो।

(ख) बाढी प्रभावितहरुको उद्धार प्रयोजनका लागि मिति २०८३/०५/११ गतेको विपद् व्यवस्थापन समितिको सिफारिस समेतका आधारमा संबन्धित शीर्षकबाट रु ५,००,०००।- विनियोजन गर्ने निर्णय गरियो।

(ग) उल्लेखित प्रस्ताव नं. २.२ (क) बमोजिमको प्रयोजनका लागि यस बुटवल उपमहानगरपालिकाका जनप्रतिनिधिहरुका तर्फबाट ५ दिनको र नगरप्रमुखको तर्फबाट १५ दिन बराबरको पारिश्रमिक सुविधा राहत सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

(ग) मिति २०८३/०५/१० गतेका दिन रसुवा गढी नाका हुँदै आएको बाढीबाट ठूलो जनधनको क्षति भएको र उक्त बाढीबाट प्रभावितहरुको यथार्थ अभिलेख प्राप्त हुन अझ केही समय लाग्ने देखिन्छ। नेपाल सरकार, वैदेशिक दातृ निकाय, देशभित्रका सबै कार्यालय, संघसँस्था एवं व्यक्तिहरु समेतबाट बाढी प्रभावित परिवारहरुलाई उद्धार र राहतका कार्यक्रमहरु उपलब्ध गराउदै आएको यस दुःखद् घडीमा सामाजिक उत्तरदायित्वका हिसावले आफ्नो तर्फबाट पनि सक्दो सहयोग गर्नु पर्ने समयमा सो नगरी तीज पर्वको अवसरमा नाचगान गरी मनोरञ्जनात्मक कार्यक्रम गर्न मनासिव समेत नहुने भएकोले मानवीय संवेदनालाई मध्यनजर राखी उल्लेखित क्रियाकलापहरु

१३ दिनसम्म नगर्ने नगराउने व्यवस्था मिलाई आवश्यक सहयोग एवं सहजीकरण हुन सबै वडा कार्यालयहरु,उपमहानगरबासीहरु र सम्बन्धित सबैमा यो कार्यपालिकाको बैठक हार्दिक अनुरोध गर्दछ ।

प्रस्ताव नं. २.३

जग्गा उपयोग प्राप्तिका लागि सिफारिस गर्ने सम्बन्धमा ।

निर्णय नं. २.३

यस बुटवल उपमहानगरपालिकाले १-१९ वडाबाटै वडाबासीहरुलाई सहज रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउन केही वडाहरुमा पालिकाको आफ्नै भवन संरचनाबाट, केही वडाहरुमा सामुदायिक भवनहरुबाट र केही वडाहरुमा भवन भाडामा लिई आधारभूत स्वास्थ्य सेवा र प्रवर्द्धनात्मक स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ । यसै सन्दर्भमा करीव ५००० जनसंख्या रहेको वडा नं. १८ मा संचालित आधारभूत स्वास्थ्य संस्थाबाट सेवा लिने सेवाग्राही बढ्दै गएको तर संस्थाको आफ्नै भवन नहुँदा घर भाडामा लिई सेवा संचालन गर्नु पर्ने अवस्थाले सेवा प्रवाहमा प्रभावकारीता आउन सकेको छैन । तसर्थ उक्त वडा अन्तर्गत नगरले संरक्षण गरी रहेको नेपाल सरकारको नाममा दर्ता श्रेष्ता कायम रहेको पूर्व- बेलबास बेथरी सडक, पश्चिम-कुलो, उत्तर - कि.नं ३१ र दक्षिण मानकुमारी क्षेत्री यति चारकिल्ला भित्रको साविक मोतीपुर नक्सा नं. ८ङ कि.नं.४२१ क्षेत्रफल ०-३-२ जग्गामा बुटवल उपमहानगरपालिकाबाट सञ्चालित आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माणको लागि बुटवल उपमहानगरपालिकाको नाममा उपयोग प्राप्ति प्रक्रिया अगाडी बढाइ दिनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २.४

विविध ।

प्रस्ताव नं २.४.१

लक्ष्मी मा. वि. को पर्खाल सम्बन्धमा ।

निर्णय नं २.४.१

बुटवल ४ स्थित लक्ष्मी मा. वि.को विद्यालय परिसर भित्रको पर्खाल जीर्ण भई भत्किएको र सो को मर्मत गर्नुपर्ने भएकोले सम्बन्धित प्राविधिकबाट स्टिमेट लिने व्यवस्था मिलाई विपद् व्यवस्थापन कोषबाट तत्काल मर्मत प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं २.४.२

अनुमोदन सम्बन्धमा ।

निर्णय नं. २.४.२

नेपाल सरकार, अर्थ मन्त्रालय र नेपाल सरकार पूर्वाधार विकास मन्त्रालयबाट अनुरोध भई आए बमोजिम एशियाली विकास बैंकको आयोजनामा मिति २०८३/०८/१४ गतेदेखि मिति २०८३/०८/१८गते ( ३० नोभेम्बर २०२६ देखि ४ डिसेम्बर २०२६) सम्म थाइल्याण्डमा हुने गोष्ठीमा सहभागी हुन बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री दीपक ज्ञवालीलाई मनोनयन गर्ने गरी मिति २०८३/०५/०९मा भएको नगरप्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २.४.३

शोक प्रस्ताव सम्बन्धमा ।

निर्णय नं. २.४.३

मिति २०८३/०५/१० गतेका दिन रसुवा नाका हुँदै आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ्ग, गोरखा, तनहुँ, र चितवन लमायतका जिल्लाहरुमा अत्यन्त ठूलो जनधनको क्षति हुन गएको छ । घाइते हुनुभएका सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं साथै उक्त अकल्पनीय घटनामा परी दिवंगत हुनुहुने सबैको आत्माको चीर शान्तिको कामनाका साथै शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारण गर्ने शक्ति मिलोस भनी यो बैठक हार्दिक समवेदना प्रकट गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिँदै प्रमुख ज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।